# उत्पीडनमा परेका व्यक्तिहरुको नेतृत्वका लागि कोष : धेरै सोधिने प्रश्नहरु

*यस कोषको लक्ष्य भनेको, शोषण (मानव बेचबिखन, जबरजस्ती श्रम, बाल श्रम, बँधुवा श्रम वा जबरजस्ती विवाह सहित) को जीबित अनुभव गरेका उत्पीदित व्यक्तिहरूले नेतृत्व गरेका संस्थाहरूलाई सहयोग गर्नु हो। नेपालमा रहेका उत्पीडनको समस्या भोगेका व्यक्तिहरुले नेतृत्व गरेका संस्थाहरूलाई आवेदन दिन अनुरोध गरिन्छ।*

- **कसले आवेदन दिन सक्छ**?

नेपालमा दर्ता भएका संस्थाहरूले यस राउन्डको लागि आवेदन दिन सक्ने छन्। आवेदन दिनको लागि, उक्त संगठनमा एक वा सो भन्दा बढी व्यक्तिहरू (जस्तै निर्देशक, सीईओ, वरिष्ठ प्रबन्धक) उत्पीडनको चपेतामा परेको अवस्थाऽ शोषणको अवस्था भोगेका व्यक्तिडरु भनि पहिचान गरिएको हुनु पर्दछ।

- **म द फ्रीडम फण्डको हालको साझेदार हुँ - के म यस फण्ड का लागी आवेदन दिन सक्छु**?

सक्नुहुन्छ, कृपया आवेदन दिनुहोस् र द फ्रीडम फण्डमा तपाईंको हालको अनुदानको विवरणहरू प्रदान गर्नुहोस्।
कृपया ध्यान दिनुहोस् कि केहि अवस्थामा द फ्रीडम फण्ड साझेदारहरूले यो कोषको लागि आवेदन दिन सक्दैनन्। यदि तपाइँ निश्चित हुनुहुन्न भने, कृपया द फ्रीडम फण्डको आफ्नो सम्पर्क रहेको व्यक्तिसँग वा यो इमेल मार्फत SLF@freedomfund.org छलफल गर्नुहोस्।

- **छनोट गरिएका संस्थाहरूलाई कति अनुदान दिइन्छ**?

कोषको यस चरणको लागि, USD $ २०,०००  सम्मको अनुदान प्रदान गरिनेछ।

- **उत्पीदनमा परेका व्यक्तिको नेतृत्वमा रहेका संस्थाहरू भन्नाले हामीले के बुझ्छौं**?

जुन संगठन / संस्थाहरूको नेतृत्वदायी पदहरूमा जीबित रुपमा शोषणमा परेका व्यक्तिहरू उच्च पदमाछन्। कुनै कर्मचारी नेतृत्व पदमा तव मानिन्छन् यदि तिनीहरू संस्था भित्र एउटा वरिष्ठ पदमा छन् र संस्थाको रणनीति, गतिविधिहरू र/वा वित्त सम्बन्धी निर्णय गर्ने क्षमता राख्दछन्। यसमा वरिष्ठ व्यवस्थापन, निर्देशकहरू, उपनिर्देशकहरू, र विभागका प्रमुखहरू समावेश हुन सक्छन्।

- **हामी "उत्पीडनमा परेका व्यक्ती" भन्दा के बुझ्छौं?**

यस कोषको उद्देश्यका लागि, "उत्पीदनमा परेका व्यक्ति" भन्नाले जबरजस्ती श्रम, बाल श्रम, बधुवा श्रम, मानव बेचबिखन वा जबरजस्ती विवाहको अधीनमा रहेको बुझिन्छ।

- **कुन प्रकारका संस्थाहरूले यस्मा आवेदन दिन सक्छन्?**

कोष मुख्यतया मानव बेचबिखन, जबरजस्ती श्रम, बधुवा श्रम र बाल विवाह लगायत आधुनिक दासत्वका समस्याहरूलाई सम्बोधन गर्न काम गर्ने गैर-लाभकारी संस्थाहरू तर्फ लक्षित हो। कार्यकर्ता सामूहिक वा उत्पीडनमा परेका मानिसहरूको नेतृत्वमा रहेका सामाजिक उद्यमहरूलाई पनि विचार गर्न सकिन्छ। द फ्रीडम फण्डको नीतिसँग उपयुक्त भएमा विश्वासमा आधारित संस्थाहरू पनि योग्य हुन सक्छन्।

- **के यो अनुदान उत्पीदनमा परेका मानिसहरूलाई मात्र सहयोग गर्नको लागि हो कि संस्था समग्रको लागि हो?**

यो अनुदान भनेको पूरै संगठन / संस्थालाई वा संस्थाले जहाँ कोष खर्च गर्न आवश्यक छ भनेर निर्णय गरेको छ, त्यहाँ खर्च गर्नको लागि हो। यो संस्थाको सञ्चालन, कार्यक्रम, कार्यालय भुक्तानी, प्रविधि खरिदहरू, आदिमा गरिने खर्च हुन सक्छ। यो अनुदान कर्मचारीमा वा उत्पीडनमा परेका मानिसहरूलाई मात्र खर्च गर्नुपर्छ भन्ने छैन ।

- **के मेरो संस्थाले यस कोष मार्फत एक भन्दा बढी अनुदानको लागि आवेदन दिन सक्छ?**

यस कोषले सकेसम्म धेरै संगठन / संस्थाहरूलाई सहयोग गर्ने लक्ष्य राखेकोले, प्रत्येक संस्थाले यस समयमा एउटा मात्र अनुदानको लागि आवेदन दिन सक्छ।

- **के यो एक पटकको अनुदान हो वा म अर्को वर्ष पुन: आवेदन दिन सक्छु?**

अहिलेको लागि, यो कोष कुनै संगठन /संस्थाहरूलाई एक पटक अनुदान दिनको लागि मात्र हो, त्यसैले तपाईंले थप कोषको लागि पुन: आवेदन दिन सक्नुहुन्न।

- **म यो अनुदान के को लागी प्रयोग गर्न सक्छु?**

यी अनुदानहरू यसै कामका लागी खर्च गर्नु पर्छ भन्ने किसिमले प्रतिबंधित छैन - यसको मतलब तपाईंको संगठनले आफ्नो लक्ष्यहरू प्राप्त गर्नको लागि सबै भन्दा राम्रो लाग्ने कुनै पनि क्षेत्रमा यो अनुदान प्रयोग गर्न सकिन्छ । तपाईलाई एउटा संगठन / संस्थाको हैसियतले आवश्यक देखेको ठाउँमा पैसा प्रयोग गर्नेछ भनि हामी विश्वास गर्दैछौं।

- **यो अनुदानको लागि के रिपोर्टिङ आवश्यक हुनेछ?**

यस कोषको प्रकृति अनुदान पाउनेहरु माथि सकेसम्म प्रशासनिक बोझ कम गर्ने हो, त्यसैले यस्मा न्यूनतम रिपोर्टिङ मात्र आवश्यक हुनेछ। कार्यक्रम शुरु भएको छ महिना पछि, अनुदान पाउनेहरूले हामीलाई इमेल, पत्र, भिडियो वा भ्वाइस नोट मार्फत कोष कहाँ खर्च भयो र यसले उनीहरूको मिशनलाई कसरी सहयोग गर्‍यो भन्ने जान्कारी दिने छ ।

- **यदि मेरो संस्था नेपाल वा पाकिस्तानमा अवस्थित छैन भने, के म अझै पनि आवेदन दिन सक्छु?**

सक्नुहुन्न, कोषको यो राउन्ड नेपाल वा पाकिस्तानमा रहेका उत्पीदनमा परेका  व्यक्तिको नेतृत्वमा रहेका संगठन / संस्थाहरूको लागि मात्र हो। हामी अन्य स्थानहरूमा भविष्यमा अरको राउन्डको कोषहरू सुरु गर्ने आशा गर्छौं, त्यसैले य्स्तो घोषणाहरूको लागि हाम्रो वेबसाइटमा नजर राख्नुहोस्।

- **यदि मेरो संस्था नेपाल वा पाकिस्तानमा अवस्थित छैन तर त्यहाँ कार्यक्रमहरू छन् भने, म अझै आवेदन दिन सक्छु?**

सक्नुहुन्न, यो कोष नेपाल वा पाकिस्तानमा रहेका स्थानीय संगठन / संस्थाहरूको लागि हो। यी देशहरूमा सञ्चालन गरिने तर अन्यत्र दर्ता भएका वा मुख्यालय अन्यत्र भएका संस्थाहरू (जस्तै अमेरिका) योग्य छैनन्।

- **मेरो संस्थामा उत्पीडनमा परेका  कर्मचारीहरू छैनन्, तर हामी उत्पीडनमा परेका लाई हाम्रा कार्यक्रमहरू मार्फत समर्थन गर्छौं। के हामी अझै आवेदन दिन सक्छौ ?**

सक्नुहुन्न, यस कोषको लक्ष्य उत्पीडनमा परेका व्यक्तिहरू नेतृत्वदायी भूमिकामा भएका संगठन / संस्थाहरूको उत्थान र सहयोग गर्नु हो।

- **के मेरो संस्था दर्ता हुनु आवश्यक छ?**

तपाईंको संगठन / संस्था दर्ता हुनु आवश्यक छ ।

- **म एक उत्पीडनमा परेको व्यक्ति हुँ, तर म कुनै संस्थाको हिस्सा होइन - के म एक व्यक्तिको रूपमा आवेदन दिन सक्छु?**

दुर्भाग्यवश, यो कोष संगठन / संस्थाहरूलाई सहयोग गर्न हो, त्यसैले हामी कुनै सस्थाको कर्मचारी नभएका र संगठन / संस्थामा नेतृत्वको पदमा नरहेका व्यक्तिहरूलाई कोष प्रदान गर्न सक्दैनौं।

- **के उत्पीदनमा परेका कर्मचारीले नै यो कोषमा आवेदन भर्न र पेश गर्न आवश्यक छ?**

होइन, संगठन / संस्थाबाट जो कोहीले पनि आवेदन भर्न र पेश गर्न सक्छ।

- **मसँग भरपर्दो इन्टरनेटको पहुँच छैन। के म कागजमा वा इमेल मार्फत आवेदन पेश गर्न सक्छु?**

सक्नुहुन्छ, कृपया SLF@freedomfund.org मा इमेल गर्नुहोस् र कागज आवेदन फारमको लागि सोध्नुहोस्। हामी तपाईंलाई समयमै आवेदन फारम प्राप्त गर्ने उत्तम तरिका पत्ता लगाउन तपाईंसँग काम गर्नेछौं।

- **मैले मेरो आवेदनको बारेमा द फ्रीडम फण्डबाट कहिले जानकारि पाउन सक्छु?**

यदि तपाईंले सफलतापूर्वक आफ्नो आवेदन अनलाइन वा इमेल मार्फत अन्तिम म्याद भित्र पेश गर्नुभएको छ भने, हामी आवेदकहरूलाई उनीहरूको आवेदनको बारेमा एक महिना भित्र जानकारी दिने आशा गर्दछौं। यस समयमा तपाईंलाई सर्टलिस्ट गरिएको भए सूचित गरिनेछ र सर्टलिस्ट गरिएका संगठन / संस्थाहरूलाई अन्तर्वार्ताको लागि आमन्त्रित गरिनेछ र थप जानकारी प्रदान गर्न अनुरोध गरिनेछ। अन्तर्वार्ता पछि, यदि तपाइँको आवेदन सफल भए तपाइँलाई सूचित गरिनेछ ।

- **यदि मेरो आवेदन सफल भयो भने के हुन्छ?**

सफल संगठन / संस्थाहरूलाई तिनीहरूको संगठन, तिनीहरूको बैंक खाता विवरणहरू, र तिनीहरूका रेफरीहरूबाट आवश्यक केही थप जानकारी प्रदान गर्न अनुरोध गरिनेछ। अनुरोध गरिएको जानकारी

प्राप्त गरिसकेपछि द फ्रीडम फण्डले अनुदान सम्झौता पठाउनेछ, र सम्झौतामा हस्ताक्षर भएपछि रकम हस्तान्तरण गर्नेछ । यो प्रक्रिया का लागि सामान्यतया 6-8 हप्ता सम्म लाग्न सक्छ तर आवश्यक जानकारी वा सन्दर्भहरू प्रदान गर्न जटिल कारक वा ढिलाइ भएमा केहि समय बढीलाग्न सक्छ।